**नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी (सोह्रौं संशोधन) नियमावली, २०७३**

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी (सोहौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम १.२ मा संशोधन :** नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १.२ को खण्ड (द) पछि देहायको खण्ड (ध) थपिएको छ :-

"(ध) स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकि सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटि इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शव्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

३. **मूल नियमावलीको नियम ३.६ मा संशोधन :** मूल नियमावलीको नियम ३.६ को उपनियम (१) को खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छ :–

"(क१) विशेषज्ञ पदको लागि कम्तिमा पैतिस वर्ष उमेर पूरा नभएको र पचास वर्ष उमेर नाघेको" भन्ने वाक्यांश राखिएको छ ।

४. **मूल नियमावलीको नियम ८.९ मा संशोधन :** मूल नियमावलीको नियम ८.९ को छैठौं हरफमा रहेको "निजलाई" भन्ने शव्दको सट्टा "निज महिला कर्मचारीलाई" भन्ने शव्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीको नियम १०.५ मा संशोधन :** मूल नियमावलीको नियम १०.५ को खण्ड (घ) मा रहेका "बीस वर्ष वा सो भन्दा बढी" भन्ने शव्दहरुको सट्टा "वीस वर्षभन्दा बढी पच्चीस वर्षसम्म" भन्ने शव्दहरु राखिएका छन् ।

६. **मूल नियमावलीको नियम १०.६ङ थप :** मूल नियमावलीको नियम १०.६घ पछि देहायको नियम १०.६ ङ थपिएको छ :-

**"१०.६ ङ स्वघोषणा गर्नुपर्ने :** सेवाबाट निवृत्त हुने कर्मचारीले अनुसूचि १८ (क) मा तोकिए बमोजिमको स्वघोषणा फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।"

७. **मूल नियमावलीको नियम १०.१० थप :** मूल नियमावलीको नियम १०.९ पछि देहायको १०.१० थप गरिएको छ :-

"१०.१० **सञ्चय कोष र नागरिक लगानी कोष कट्टी गरेको रकम बाहेक अन्य कुनै सुविधा नपाउने :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम १३.६ बमोजिम सेवाबाट बर्खास्त भएको कर्मचारीले नियम ९.६ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र नागरिक लगानी कोष कट्टी गरेको रकम बाहेक यस नियमावली बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन ।

(२) नियम १३.६क को उपनियम (३) बमोजिमको विवरणबाट प्राधिकरण सेवाका कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको देखिएमा स्थायी आवासीय अनुमति लिएको त्यस्तो प्राधिकरण सेवाका कर्मचारीको पति वा पत्नीले नियम ९.६ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र नागरिक लगानी कोष कट्टी गरेको रकम वाहेक यस नियमावली बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन ।"

८. **मूल नियमावलीको नियम ११.२ मा संशोधनः** मूल नियमावलीको नियम ११.२ को उपनियम (१) को तेस्रो हरफमा रहेको "हाजिरी कितावमा" भन्ने शव्दहरुपछि "वा विद्युतीय उपस्थिति जनाउने उपकरणमा" भन्ने शव्दहरु थपिएका छन् ।

९. **मूल नियमावलीको नियम ११.५ मा संशोधनः** मूल नियमावलीको नियम ११.५ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "एघारौ तह र सो भन्दा माथिका कर्मचारीहरु" भन्ने शव्दहरुको सट्टा "आठौं तह र सोभन्दा माथिका कर्मचारीहरु" भन्ने शव्दहरु थपिएका छन् ।

१०. **मूल नियमावलीको नियम** १३.६ मा थप : मूल नियमावलीको नियम १३.६ को खण्ड (ख) पछि देहायका खण्ड (ग) र खण्ड (घ) थप गरिएको छः-

"(ग) स्थायी आवासीय अनुमति लिएमा वा सो को लागि आवेदन दिएमा ।

(घ) प्राधिकरणको सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।"

११. **मूल नियमावलीमा** नियम १३.६क, १३.६ख, १३.६ग थप : मूल नियमावलीको नियम १३.६ पछि देहायको नियम १३.६क, १३.६ख, १३.६ग थपिएका छन्:-

**"१३.६क स्वयम घोषणा गरी विवरण पेश गनुपर्ने : (१)** यो नियम प्रारम्भ हुनु अघि स्थायी आवासिय अनुमति लिएका वा त्यस्तो अनुमतिका लागि आवेदन दिएका प्रत्येक कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तीस दिन भित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ :

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद ।

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको भए सो को मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम,

(घ) आफुले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए नभएको ।

(२) प्राधिकरण सेवाका कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको भएमा यो नियम प्रारम्भ भएको मितिले तीस दिन भित्र सम्बन्धित प्राधिकरण सेवाका कर्मचारीले आफू कार्यरत कार्यालयमा उपनियम (१) वमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रधान कार्यालयको प्रशासन विभागमा पठाउनु पर्नेछ ।

**१३.६ख जानकारी दिन सकिने :** (१) यो नियमावली विपरित प्राधिकरण सेवाका कर्मचारीले स्थायी आवासीय अनुमति लिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित कर्मचारी कार्यरत कार्यालय वा प्रधान कार्यालयको प्रशासन विभागमा दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएका मितिले सात दिन भित्र प्रशासन विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट प्राधिकरण सेवाका कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सो को लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा प्रशासन विभागले नियम १३.६क को उपनियम (१) बमोजिमको अवधि व्यतित भएपछि त्यस्तो प्राधिकरणका कर्मचारीको सम्वन्धमा छानविन गर्न नियम १३.७ मा व्यवस्था भएको विभागीय सजाय दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम लेखी आएमा नियम १३.७ बमोजिमको विभागीय सजाय दिने अधिकारीले त्यस्तो प्राधिकरण सेवाका कर्मचारीको सम्बन्धमा तीन दिन भित्र छानविन प्रारम्भ गरी सो को जानकारी महानिर्देशकलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम छानविन गर्दा नियम १३.७ बमोजिमका विभागीय सजाय दिने अधिकारीले महानिर्देशक वा अन्य कुनै निकायसंग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ । प्राधिकरण अन्तर्गतका निकायले त्यस्तो सहयोग वा जानकारी गराउनु उक्त निकायको कर्तव्य हुनेछ ।

(६) यस नियम बमोजिम छानविन र कारवाही गर्दा प्राधिकरण सेवाका कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सो को लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी नियम १३.७ बमोजिम विभागीय सजाय दिने आदेश दिने अधिकारी समक्ष पन्ध्र दिन भित्र पेश गर्नु पर्नेछ ।

**१३.६ग सजाय नहुने :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनुभन्दा तत्काल अघि यस नियमावलीको नियम ११.१२ बमोजिम पूर्व स्वीकृति लिई अन्यत्र कुनै प्रकारको नोकरी वा सेवा गरी रहेको त्यस्तो कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तीस दिन भित्र त्यस्तो नोकरी वा सेवा छाडेको प्रमाण सहित निवेदन दिएमा निजलाई यस नियमावली बमोजिम सजाय हुने छैन ।

(२) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा सो को लागि आवेदन दिएको प्राधिकरण सेवाका कर्मचारीले सो कुरा स्वीकार गरी यो नियम प्रारम्भ भएको मितिले साठी दिन भित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि दिएको आवेदन रद्द गर्नको लागि सम्बन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाण सहित निवेदन दिएमा त्यस्तो कर्मचारीलाई यस नियमावली बमोजिम सजाय हुने छैन ।”

**<u>अनुसूचि १८</u>**
(नियम १०.६ङ संग सम्वन्धित)

## <u>स्वघोषणा फाराम</u>

मिति :

श्रीमान् महानिर्देशकज्यू
नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यायल ।

विषय : <u>स्वयं घोषणा गरेको सम्वन्धमा ।</u>

म यो घोषणा गर्दछु कि आज सम्म मैले Diversity Visa (DV) , Permanent Residence (PR) वा ग्रिन कार्ड लगायत कुनै पनि विदेशी राष्ट्रमा आवासीय प्रयोजनका लागि आफ्नो र आफ्नो पति/पत्नीको तर्फबाट समेत कुनै किसिमको आवेदन भए/गरेको छैन । यसमा फरक परेमा कानून बमोजिम हुने दण्ड सजाय सहन/भोग्न तयार छु भनी यो सही छाप गरिदिएँ ।

दस्तखतः

नामः

पदः

तहः

संकेत नं.:

कार्यालय :